# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (९), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, भाद्र १३ गते २०८२ साल,
सङ्ख्या ६

## भाग-२

## सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०५।१२

प्रस्तावना: सूर्योदय नगरपालिकाको स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक साँस्कृतिक लगायतका विकास सबै पक्षमा दीगोपन र अपनत्व सिर्जना गर्न निर्माण भएको सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि, २०८० को दफा १६ (१) ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम “सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८२” रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) “मूल कार्यविधि” भन्नाले सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० लाइ सम्झनु पर्दछ।

३. मूल कार्यविधिको परिच्छेद-२ मा देहाय बमोजिमको राखिएको छ।

देहाय:

"संस्थाको गठन, दर्ता तथा सूचीकृत सम्बन्धी व्यवस्था"

४. परिच्छेद २ को दफा ३ (३) मा "साधारण सभा" भन्ने वाक्यांश हटाइएको छ।

५. परिच्छेद २ को दफा ३ (११) मा उल्लेख भएको "साधारण सभाले" वाक्यांशको सट्टा "वडाले" भन्ने वाक्यांश राखिएको छ।

६. परिच्छेद २ को दफा ५ मा "संस्था सूचीकृत सम्बन्धी व्यवस्था" वाक्यांशको सट्टा "संस्था दर्ता/सूचीकृत सम्बन्धी व्यवस्था" राखिएको छ।

७. परिच्छेद २ को दफा ५ (१) मा "टोल विकास संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:" वाक्यांशको सट्टा "टोल विकास संस्थाको दर्ता/सूचीकृत देहाय बमोजिम हुनेछ:" राखिएको छ।

८. परिच्छेद २ को दफा ५ (१) को खण्ड (क) मा "संस्था" शब्दको पछि र "सूचीकरण" शब्दको अगाडि "दर्ता/" शब्द थप गरिएको छ, साथै "दिनु पर्नेछ।" वाक्यांशको पछाडी "त्यसरी प्राप्त निवेदन प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै कर्मचारी वा पञ्जीकाधिकारीको अधिकार प्राप्त कर्मचारीले टोल विकास संस्था दर्ता/सूचीकरण गरि छुट्टै अभिलेख राख्नु पर्नेछ।" वाक्यांश थप गरिएको छ।

९. परिच्छेद २ को दफा ५ (३) पछाडी देहाय बमोजिमको उपदफा (४) थप गरिएको छ।

देहाय:

“(४) टोल विकास संस्थाको नियमन तथा अनुगमन सूर्योदय नगरपालिका र सम्बन्धित वडा कार्यालयबाट हुनेछ।”

१०. परिच्छेद ३ को दफा ६ (१) को खण्ड (ल) को पछाडी देहाय बमोजिमको खण्ड (व) र (श) थप गरिएको छ।

देहाय:

“(व) तोकिएको लागत साझेदारीमा योजना तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।

(श) टोल विकास संस्थाले योजना तथा कार्यक्रम सञ्चालन गर्दा सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० का आवश्यक शर्तहरु लागु हुनेछन्।”

११. परिच्छेद ५ को दफा १० (ख) मा भएको “समितिको निर्णय बमोजिम हुनेछ।” वाक्यांशमा “हुनेछ” शब्दको सट्टा “सामुहिक हितमा गर्नु पर्नेछ।” भन्ने वाक्यांश थप गरिएको छ।

१२. परिच्छेद ५ को दफा ११ को उपदफा (७) पछि देहाय बमोजिमको उपदफा (८) र (९) थप गरिएको छ।

देहाय:

“(८) संस्थाको स्थायी लेखा नम्बर (PAN) अनिवार्य लिनुपर्ने छ।

(९) प्रत्येक आर्थिक वर्षको अन्त्यमा टोल विकास संस्थाले लेखा परीक्षण गराउनु पर्नेछ।”

१३. अनुसूची-१ मा उल्लेख भएको प्रत्येक “सूचीकृत” शब्दको अगाडी “दर्ता/” शब्द थप गरिएको छ।

१४. अनुसूची-२ मा मा उल्लेख भएको प्रस्तावना खण्डमा “सहभागितात्मक तर्जुमा गर्ने,” वाक्यांशको पछाडी “योजना/कार्यक्रम सञ्चालन गर्ने” वाक्यांश थप गरिएको छ।

१५. अनुसूची-२ मा भएको टोल विकास संस्थाको विधानको नमुना को दफा ६ को खण्ड (ढ) पछि देहाय बमोजिमको खण्ड “ण” थप गरिएको छ।

देहाय:

“(ण) आफ्नो टोलमा योजना/कार्यक्रम सञ्चालन गर्ने र त्यस्तो योजनाहरुको अविछिन्न रुपमा संरक्षण गर्ने।”

१६. अनुसूची-२ मा भएको टोल विकास संस्थाको विधानको नमुनाको दफा १५ को खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड (ग) थप गरिएको छ।

देहाय:

“(ग) टोल विकास संस्था विघटन हुने अवस्था आएमा ६ (छ) महिना भित्र नगरपालिकाको समन्वयमा टोल विकास संस्थाको

आम भेलाबाट सम्बन्धित वडाले पुन: टोल विकास संस्था गठन गर्न सक्नेछ।”

१७. अनुसूची-३ मा उल्लेख भएको प्रत्येक “सूचीकृत” शब्दको अगाडी “दर्ता/” शब्द थप गरिएको छ।

# ज्येष्ठ तथा अति अशक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०५।१२

**प्रस्तावना:** ज्येष्ठ नागरिक तथा अति अशक्त नागरिकहरूलाई स्वास्थ्य सेवा कार्यक्रमको पहुँच पुऱ्याउने कार्यलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिका स्वास्थ्य ऐन २०७८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "ज्येष्ठ तथा अति अशक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"ज्येष्ठ नागरिक"** भन्नाले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ (१) को खण्ड (क) बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) **“अति अशक्त”** भन्नाले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ (१) को खण्ड (ग) र (छ) बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ।

(ग) **“नगरपालिका”** भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) **“कार्यपालिका”** भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) **“स्वास्थ्य शाखा”** भन्नाले सूर्योदय नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ।

(छ) **“वडा कार्यालय”** भन्नाले सूर्योदय नगरपालिकाको वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(ज) **“स्वास्थ्य संस्था”** भन्नाले सूर्योदय नगरपालिका अन्तर्गतका सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र आदिलाई सम्झनु पर्दछ।

(झ) **“स्वास्थ्य कर्मी”** भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य कर्मीको रूपमा सम्बन्धित परिषदमा दर्ता भई स्वास्थ्य संस्थामा कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ।

(ञ) **"सेवा प्रदायक"** भन्नाले यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिक तथा अति अशक्त नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धित स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ट) **"स्वास्थ्य सेवा"** भन्नाले यस कार्यविधि बमोजिम **अनुसूची-१** र **अनुसूची-२** बमोजिम तोकिएको स्वास्थ्य सेवालाई सम्झनु पर्दछ।

३. **स्वास्थ्य सेवा प्रदान गरिने:** (१) ज्येष्ठ तथा अति अशक्त नागरिकहरूलाई स्वास्थ्य कर्मी मार्फत अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भए बमोजिम स्वास्थ्य सेवा निःशुल्क रूपमा प्रदान गरिनेछ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा ज्येष्ठ नागरिक र अति अशक्त नागरिकको घरमै पुगी स्वास्थ्य सेवा प्रदान गरिनेछ।

(३) नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही कार्यपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा सेवा प्रदान गर्न एक वा सो भन्दा बढी वडालाई तोक्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा सम्बन्धित वडाको भूगोल, उपलब्ध स्वास्थ्यकर्मी तथा स्वास्थ्य सेवाको पहुँच समेतको आधारमा गर्नु पर्नेछ।

(५) दफा ३ बमोजिमको सेवा प्रदान गर्दा अनुसूची-८ बमोजिमको प्राथमिकता क्रमको आधारमा गर्नु पर्नेछ।

(६) अनुसूची-८ बमोजिमको प्राथमिकता क्रमको आधारमा स्वास्थ्य सेवा प्रवाह गर्दा नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रहि गर्नु पर्नेछ।

४. **कार्यक्रमको जानकारी दिनु पर्ने :** (१) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा नगरपालिका स्वास्थ्य शाखा सँग समन्वय गरि ज्येष्ठ नागरिक र अति अशक्त नागरिकलाई आउन सक्ने स्वास्थ्य समस्या, निदान, उपचार, रोकथाम तथा क्षेत्रगत आवश्यकता अनुसार जनस्वास्थ्यका अन्य विभिन्न कार्यक्रमबाट स्थानीय भाषामा जनचेतनामूलक सामग्री उत्पादन, प्रसारण तथा वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी विभिन्न सञ्चार माध्यमद्वारा प्रसारण गरि समुदाय, ज्येष्ठ नागरिक र अति अशक्त नागरिकको परिवार, महिला सामुदायिक स्वयम् सेविका, अपाङ्गता भएका व्यक्ति, टोल तथा आमा समूह समेतलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना सम्प्रेषण गर्दा कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थानको विवरण खुलाई

कार्यक्रम हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै सूचना सम्प्रेषण गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको उद्देश्य जानकारी गराउन नगरपालिकाको स्वास्थ्य शाखाले सम्बन्धित सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रम आयोजना गर्नु पर्नेछ ।

५. **कार्ययोजना बनाउनु पर्ने :** स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिक र अति अशक्त नागरिकको घरमा गएर स्वास्थ्य सेवा प्रदान गर्न विनियोजित रकमको परिधिभित्र रही कार्ययोजना बनाई प्रत्येक महिनाको एक पटक सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ र आवश्यकता अनुसार विशेष बिरामीको लागि थप पटके सेवा समेत प्रदान गर्नु पर्नेछ ।

६. **सेवा प्रदायकको सेवा सुविधा :** (१) यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिक र अति अशक्त नागरिकलाई घरमा गई स्वास्थ्य सेवा प्रदान गरे बापत सेवा प्रदायकबाट खटिएका स्वास्थ्य कर्मीहरूलाई प्रति दिन बापत देहायको रकममा नबढ्ने गरि त्रैमासिक रूपमा यातायात तथा खाजा खर्च उपलब्ध गराइनेछ:-

(क) **"क"** वर्गको क्षेत्रको लागि पाँच सय रुपैयाँ,

(ख) **"ख"** वर्गको क्षेत्रको लागि चार सय पचास रुपैयाँ,

(ग) **"ग"** वर्गको क्षेत्रको लागि चार सय रुपैयाँ,

(घ) **"घ"** वर्गको क्षेत्रको लागि तीन सय रुपैयाँ,

(ङ) **"ङ"** वर्गको क्षेत्रको लागि दुई सय रुपैयाँ।

(२) यस दफामा उल्लेख भएको क्षेत्रको वर्गीकरण अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **सेवा प्रदायकले शोधभर्ना रकम माग गर्ने विधि :** (१) सेवा प्रदायक स्वास्थ्य संस्थाबाट यस कार्यविधि बमोजिमको सेवा प्रवाह प्रदान गर्न खटाइएका स्वास्थ्य कर्मी वा चिकित्सकले पाउने यातायात तथा खाजा खर्च बापतको रकम अनुसूची-३ बमोजिमको विवरण भरी स्वास्थ्य संस्था प्रमुखलाई पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पेस हुन आएका विवरणका आधारमा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले खर्चको भुक्तानीको विवरण त्रैमासिक रूपमा वडा कार्यालयबाट प्रमाणित गराई नगरपालिका स्वास्थ्य शाखामा अनुसूची-४ बमोजिमको विवरण भरी सोधभर्ना माग गर्नु पर्नेछ।

८. **सेवा प्रदायकलाई भुक्तानी :** (१) स्वास्थ्य कर्मीलाई भुक्तानी गर्दा सम्बन्धित सेवाग्राहीको परिचयपत्र, सम्बन्धित वडाको सिफारिस पत्रको साथमा बिरामी पुर्जा र स्वास्थ्य संस्थाको सिफारिस पत्र समेत संलग्न गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिक र अति अशक्त नागरिकलाई सेवा प्रदान गरे बापत सेवा प्रदायकको

यातायात तथा खाजा खर्चको विवरण संलग्न राखी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको सिफारिसमा नगरपालिका स्वास्थ्य शाखा प्रमुखले प्रमाणित गरेको अभिलेखको आधारमा सम्बन्धित स्वास्थ्य कर्मीको बैंक खातामा त्रैमासिक रूपमा एकमुष्ट भुक्तानी गर्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउनु पर्नेछ।

९. **अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :** (१) सेवा प्रदायकले यस कार्यविधि बमोजिम ज्येष्ठ नागरिक र अति अशक्त नागरिकलाई प्रदान गरिएको स्वास्थ्य सेवाको विवरण तथा अभिलेख OPD रजिस्टर (HMIS-1.3) प्रयोग गरि स्वास्थ्य संस्था प्रमुखलाई अनुसूची-३ बमोजिमको प्रतिवेदन मासिक रूपमा पेस गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्था प्रमुखले आफ्नो मातहतका स्वास्थ्य कर्मी सेवा प्रदायकबाट उपदफा (१) बमोजिम पेस हुन आएका विवरण संलग्न एवं एकीकृत गरी मासिक रूपमा नगरपालिका स्वास्थ्य शाखामा पेस गर्नु पर्नेछ।

१०. **कार्यक्रम खर्चको क्षेत्र :** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा आर्थिक मितव्ययिता अपनाई देहायका कार्यमा खर्च गर्न सकिनेछ:-

(क) कार्यक्रम अभिमुखीकरण, तालिम तथा समीक्षा,

(ख) सेवा प्रदायकको यातायात तथा खाजा खर्च,

(ग) Basic Health Kit, झोला/ब्याग वा बाकस खरिद,

(घ) अति अशक्त भएका नागरिकको लागि सहायता सामग्री खरिद,

(ङ) औषधि र उपकरण खरिद,

(च) अनुगमन

**११. अनुगमन तथा सुपरिवेक्षण :** (१) यस कार्यविधि बमोजिमको कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तरीयता, औचित्यता तथा प्रभावकारिताका लागि आवश्यकता अनुसार नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य शाखाले अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा सुपरिवेक्षण गर्दा अनुसूची-५ बमोजिमको चेक लिस्ट प्रयोग गर्नु पर्नेछ।

**१२. पारदर्शिता कायम गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीले स्वास्थ्य संस्थामा र स्वास्थ्य संस्थाले सेवाको विवरण अनुसूची-६ बमोजिमको ढाँचामा भरी मासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण नगरपालिकाको स्वास्थ्य शाखामा (Softcopy का साथै Hardcopy) दुवै पठाउनु पर्नेछ।

**१३. सूचना प्रेषण तथा परामर्श :** यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा प्रदान गर्दा कुनै ज्येष्ठ नागरिक वा अति अशक्त नागरिकमा

देखा पर्ने जटिल स्वास्थ्य समस्या भएको हकमा थप उपचार सेवा लिनुपर्ने देखिएमा सम्बन्धित स्वास्थ्य उपचार तथा निदान हुने निकाय वा अस्पताल जानका लागि सूचना प्रेषण तथा परामर्श प्रदान गर्नु पर्नेछ।

१४. **सरकारी बाँकी सरह असुल उपर हुने :** यस कार्यक्रमको रकम दुरुपयोग भएमा दुरुपयोग गर्ने व्यक्ति सँग सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१५. **सहकार्य गर्न सकिने :** नगरपालिकाले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न कुनै संघ, संस्था, NGO, INGO लगायतका सरोकारवाला निकायसँग सहकार्य गर्न सक्नेछ।

१६. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१७. **अनुसूचीमा हेरफेर गर्न सक्ने :** नगरपालिकाले यस कार्यविधिमा रहेका अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

१८. **बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्ता वाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

## अनुसूची -१
### (दफा ३ सँग सम्बन्धित )
### ज्येष्ठ नागरिक र अति अशक्त नागरिकहरूलाई प्रदान गरिने सेवाहरू

घरैमा गई दिइने आधारभूत स्वास्थ्य सेवाहरू देहाय बमोजिम हुनेछन्:-

1. General checkup: Blood Pressure, Temperature, Pulse, Respiration, Jaundice.
2. General Eye and Ear checkup, Respiratory Checkup, Counseling and Treatment
3. Condition of joints (checkup), Counseling and Treatment
4. Blood Sugar, Clinical s/s and Urine test for Protein by strip
5. RDT for Malaria, PTB Screening and Sputum screening for Pulmonary TB,
6. Dressing and Bandaging.
7. Treatment and Counseling for minor disease and injuries.

8. Counseling of risk factors of NCD and other diseases like smoking, Alcohol drink, physical exercise, mental relaxation etc.
9. Striped/White cane, Wheelchair, Commode Chair/Toilet Chair, Disabled Walker, Axillary/Elbow Crutches and Black goggles.

**द्रष्टव्य :** स्वास्थ्य समस्याको प्रकृति तथा आवश्यकताको आधारमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवाहरू थपघट हुन सक्नेछ, घरमा गएर सेवा दिँदा जनस्वास्थ्य सेवाहरू एकीकृत गर्ने व्यवस्था मिलाउनु पर्नेछ जस्तै : परिवार नियोजन, गर्भवती जाँच, सुत्केरी जाँच, स्वास्थ्य शिक्षा तथा परामर्श मातृ प्रजनन स्वास्थ्य आदि ।

## अनुसूची -२
## (दफा ३ सँग सम्बन्धित )
## ज्येष्ठ नागरिक र अति अशक्त नागरिकहरूलाई दिइने सेवा र जाँच गर्ने प्रक्रिया/बिरामी जाँच चेक लिस्ट

1. **Identification**: Name, age, sex, cast, address, number of available family members, ethnic code.
2. **Chief Complaints:** Main health complaints with duration
3. **Food and behavior:** Present food habits, smoking or tobacco use; alcohol drinks; physical inactivity; use of high salt, fat and sugar
4. **Past-history** of hypertension, diabetes mellitus, chronic respiratory diseases, urinary problems, TB & Leprosy, cancer, major accidents.
5. **General Examination**: Body built, Blood Pressure, Temperature, Pulse, Respiration, Anemia, Jaundice, Cyanosis and Body weight and calculate Body Mass index (BMI)
6. **Systemic Examination**

   **a. Respiratory**

- Shortness of breath, cough, sputum, blood in sputum, chest pain
- Check for pink or blue tongue
- Count respiration rate
- Examine chest for wheeze and crepitation.

**b. Cardiovascular**

- Palpitation, tiredness, chest pain in exercise and relief on rest.
- Dizziness or fainting attacks
- Count pulse rate and measure BP
- Examine chest for heart sounds and murmurs

**c. Digestive**

- Appetite, digestion, bowel habit
- Epigastric pain or heart burn
- Stool for abdomen for ascites, liver and other organ enlargement

**d. Urinary**

- Urine frequency, stream, burning micturition.

- Feeling of incomplete evacuation of urine
- Examine lower abdomen for bladder fullness and growth

**e. Bone and Joint**

- Pain and swelling
- Visible deformity
- Mobility of joints

**f. Skin Problems**

- Dryness and crakes
- Fungal and bacterial infections
- Sores and chronic wounds

**g. Eye and ear problems** - any disease or visible deformity

7. **Basic investigations**
    - Use glucometer for blood sugar
    - Urine strip for sugar and protein
    - Check for malaria (if fever)
    - Collect sputum in container (if necessary)
8. **Case Management**

a. Explain status of health and importance of general examination

b. Treatment of common health problems

c. Dressing and Bandaging

d. Care of skin, cleaning, regular application of oil in wet skin to prevent dryness

e. Regular cutting of nails

f. Explain need for further confirmatory diagnosis of other health problems

g. Explain availability of **Free Health Care Services** for elderly people in government hospitals

9. **Counseling risk factors of NCD and other diseases**
    - Cessation of smoking or tobacco use
    - Avoid alcohol drinks
    - Become physically active and do regular exercise
    - Avoid use of high salt, oil and sugar

10. **Advice on food consumption**

- Use of locally available food, grains, and green leafy vegetables
- Avoid readymade junk foods
- Advice to make a **"Small Kitchen Garden"** for fresh vegetables.
- Counselling to **"Become a Change Agent"** by explaining the benefits of healthy food, better habits and regular physical exercise to other similar group.

स्वास्थ्य कर्मीहरूले घरैमा गई स्वास्थ्य सेवा प्रदान गर्दा तपसिल बमोजिमको सामग्री संलग्न रहेको Basic health Kit को प्रयोग गर्नेछन्

1. BP set, Stehoscope, Thermometer and Torch.
2. TEST Kit for: protein, blood sugar, malaria etc
3. Sputum container
4. Lancet
5. Cotton with Sprit Swab
6. Betadine lotion
7. Sputum container and zipper bag
8. Weighing machine
9. Nail cutter

10. Non-elastic measuring tape
11. Loose gloves
12. Pulse oximeter
13. Basic Drug: Paracetamol, Ibuprofen, Albendazole, Salbutamol/Aminophylline, Iron, Amoxycillin, Chlorpheniramine, Eye/Ear drop (antibiotics) and other essential drugs.

**द्रष्टव्य:** ज्येष्ठ नागरिक र अति अशक्त नागरिकको आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरूले नगरपालिका स्वास्थ्य शाखाको समन्वय गरी अति आवश्यक औषधिहरू थप गर्न सक्नेछन् साथै, आवश्यकताको आधारमा Basic Health Kit झोला वा बाकस खरिद गर्न सक्नेछन् ।

## अनुसूची-३

**(दफा ७ को उपदफा (१) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

**सेवा प्रदायक स्वास्थ्य संस्थाले प्रतिवेदन गर्ने र शोधभर्ना माग गर्ने फाराम**

स्वास्थ्य संस्थाको नाम :..........................................................................................

वडा न :..............................

मिति :...................................

| क्र.स | ज्येष्ठ नागरिक/ अति अशक्त नागरिक को नाम | उमेर | | मूल दर्ता न | जाती कोड | सेवा को विवरण | सेवा प्रदान गरेको मिति | सेवाग्राही को परिचयपत्र न | प्रति ज्येष्ठ नागरिक / अति अशक्त नागरिक बापत | सेवा प्रदायक को नाम थर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | को<br>रकम रु | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

जम्मा रकम रु ...............................................................(अक्षरेपि)

नोट : यस फारामसँग दफा १० को उपदफा (२) बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ

विवरण तयार गर्ने सेवा प्रदायकको

दस्तखत................................

नाम थर :...............................

पद: ..................................

प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुख

दस्तखत................................

नाम थर :...............................

पद: ..................................

मिति: ..............................

मिति: ..............................

## अनुसूची-४

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**वडा कार्यालयले सेवा प्रदायकको नाममा र शोधभर्ना माग गर्ने फाराम**

स्वास्थ्य संस्थाको नाम :...............................................................................

वडा न :.............................

मिति :..................................

शोधभर्ना माग गरेको अवधि: मिति: गते/महिना/साल देखि गते/महिना/साल सम्म

| क्र.स | सेवा प्रदायकको नाम थर | पद | सेवा दिएको जम्मा संख्या | प्रति सेवाग्राही बापतको रकम रु | खुद पाउने रकम रु | सेवा प्रदायकको बैंक खाताको नाम र न | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

जम्मा रकम रु ..........................................................................(अक्षरेपि)

नोट : यस फारमसंग दफा १० को उपदफा (२) बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ

विवरण तयार गर्ने स्वास्थ्य संस्था प्रमुखको

दस्तखत...............................

नाम थर :..............................

पदः ..................................

मितिः ...............................

प्रमाणित गर्नेको वडा अध्यक्षको

दस्तखत...............................

नाम थर :..............................

पदः ..................................

मितिः ...............................

# अनुसूची-५

## (दफा ११ को उपदफा (२)  सँग सम्बन्धित)

## अनुगमन चेक लिस्टको नमुना

अनुगमनकर्ताको नामथर: अनुगमन कर्ताको हस्ताक्षर:

पद: अनुगमन गरिएको संस्थाको नाम:

संस्थाको ठेगाना: अनुगमन गरेको मिति:

क: सेवा प्रदायक स्वास्थ्य संस्थामा :

| क्र.स | विवरण | गरेको/भएको | नगरेको/नभएको |
|---|---|---|---|
| १ | सेवा प्रदायक संस्थाले नियमित सेवा | | |
| २ | सेवाको व्यवस्थापन राम्रो | | |
| ३ | ज्येष्ठ नागरिक सेवाबाट सन्तुष्ट | | |

| | | | |
|---|---|---|---|
| ४ | गुणस्तरीय सेवा प्रदान | | |
| ५ | संस्था प्रमुख /वडा / नगरपालिका अनुगमन | | |
| ६ | स्वास्थ्य संस्था / स्वास्थ्यकर्मी , अन्य निकायसँग समन्वय गरि कार्यक्रम सञ्चालन | | |
| ७ | | | |
| ८ | | | |

नोट : √ चिन्ह लगाउनुहोस्

ख. अनुगमनको क्रममा देखा परेका समस्याहरू

१................ ............................................ २. ............................... ...................... ..........

३................ ...........................................४.................................. ...................... ..........

ग. समाधानका लागि सेवा प्रदायक स्वास्थ्य संस्थाहरूद्वारा गरिएका प्रयासहरू

१................. ..........................................२. ...............................   ..................................

३. ...............   .........................................४................................. ....................................

घ. सेवा प्रदायक स्वास्थ्य संस्थाबाट प्राप्त सुझाव/सल्लाह

१................. ..........................................२. ...............................   ..................................

३. ...............   .........................................४................................. ....................................

ङ. अनुगमन कर्ताद्वारा सुझाव /सल्लाह

१................. ..........................................२. ...............................   ..................................

३. ...............   .........................................४................................. ....................................

च. ज्येष्ठ नागरिकसँगको अन्तर्वार्ता

| क्र.स | विवरण | गरेको /भएको | नगरेको/नभएको |
| --- | --- | --- | --- |
| १ | नियमित रूपमा सेवा पाएको | | |
| २ | ज्येष्ठ नागरिक र अति अशक्त नागरकहरूले गरेको सेवाबाट सन्तुष्ट भएको | | |
| ३ | गुणस्तरीय सेवा प्रदान गरेको | | |
| ४ | परामर्श गर्ने गरेको | | |
| ५ | आवश्यक औषधि प्रदान गरेको | | |
| ६ | आवश्यकता अनुसार रेफर गरेको | | |
| ७ | फेरी आउने समयको बारेमा जानकारी दिएको | | |

| | | | |
|---|---|---|---|
| ८ | परिवारका अन्य सदस्यहरूलाई पनि सेवा दिएको | | |

(गुणस्तरीय सेवा प्रदान गरे नगरेको तथा ज्येष्ठ नागरिक र अति अशक्त नागरिकबाट सन्तुष्ट भए नभएको यकिन गर्नका लागि केही ज्येष्ठ नागरिक र अति अशक्त नागरिकसँग अन्तर्वार्ता लिनुका साथै दक्ष स्वास्थ्यकर्मी नमुना सर्वेक्षण गर्ने)

## अनुसूची-६

## (दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## सेवाको पारदर्शिता फाराम

स्वास्थ्य संस्थाको नाम:......................................................................................................

ठेगाना(सूर्योदय नगरपालिका वडा न : ..........................................................................................................................

सेवा अवधि : गते/महिना साल देखि गरे/महिना/साल सम्म

| क्र.स | ज्येष्ठ नागरिक/ अति अशक्त | उमेर | | मूल दर्ता न | जाती कोड | सेवाको विवरण | सेवा प्रदान गरेको मिति | सेवाग्राहीको परिचयपत्र न | सेवा प्रदान गरेको पटक | सेवा प्रदायकको नाम थर पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | | | | |
| | | | | | | | | | | |

| | नागरिकको नाम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची-७
## (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
## क्षेत्रको वर्गीकरण

१. "क" वर्ग - स्वास्थ्य संस्था बाट व्यक्तिको घर सम्मको दूरी पैदल ३ (तीन) घण्टा वा सो भन्दा बढी भएको,

२. "ख" वर्ग - स्वास्थ्य संस्था बाट व्यक्तिको घर सम्मको दूरी पैदल २ (दुई) घण्टा वा सो भन्दा बढी भएको,

३. "ग" वर्ग - स्वास्थ्य संस्था बाट व्यक्तिको घर सम्मको दूरी पैदल १ (एक) घण्टा वा सो भन्दा बढी भएको,

४. "घ" वर्ग - स्वास्थ्य संस्था बाट व्यक्तिको घर सम्मको दूरी पैदल ३० (तीस) मिनेट वा सो भन्दा बढि भएको,

५. "ङ" वर्ग - स्वास्थ्य संस्था बाट व्यक्तिको घर सम्मको दूरी पैदल ३० (तीस) मिनेट भन्दा कम भएको।

द्रष्टव्य:

(१) वर्ग कायम गर्दा वडा समितिको निर्णय बमोजिम वडा कार्यालयले प्रमाणित गरेको सिफारिस पत्र अनिवार्य समावेश गर्नु पर्नेछ।

(२) वर्ग कायम गर्दा वडा समितिले प्रत्येक वर्ष गर्नु पर्नेछ।

# अनुसूची-८

## (दफा ३ को उपदफा (५) र (६) सँग सम्बन्धित)

## सेवा प्रवाहको प्राथमिकता क्रम

यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा प्रवाह गर्दा देहाय बमोजिमको प्राथमिकता क्रमको आधारमा गर्नु पर्नेछ।

(१) ८० वर्ष वा सो भन्दा माथिका ज्येष्ठ नागरिकहरू

(२) दफा २ को खण्ड (ख) बमोजिमका नागरिकहरू

(३) ७५ वर्ष देखि ७९ वर्ष सम्मका ज्येष्ठ नागरिकहरू

(४) ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरू

(५) सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ (१) को खण्ड (ङ) बमोजिमका नागरिकहरू

(६) महिला तथा बालबालिकाहरू

(७) लोपोन्मुख, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरू

(८) आवश्यकता अनुसार अन्य नागरिकहरू

## सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (सातौं संशोधन) नियमावली , २०८२

कार्यपालिकाबाट स्वीकृत मिति – २०८२/०५/१२.

**प्रस्तावना :** सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले देहाय बमोजिमको नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम **सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (सातौं संशोधन) नियमावली २०८२ हुनेछ ।**

(२) यो नियमावली कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:**

(क) "मूल नियमावली" भन्नाले "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७६" लाई जनाउनेछ ।

**३. मूल नियमावलीको परिच्छेद ९ को नियम ५७ को उपनियम( ३ ख) हटाइएको छ ।**

आज्ञाले
अमृत बहादुर राई
नगरपालिकाको प्रमुख
प्रशासकीय अधिकृत